## माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थम माया थापाज्यूले प्रस्तुत गर्नुभएको भावी कार्ययोजना

| क्र.सं. | (क) कानुनी तथा नीतिगत |
|---|---|
| १ | नेपालको संविधान र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुकुल राष्ट्रिय लैंगिक नीति निर्माण गरी यथासिघ्र कार्यान्वयनमा ल्याइनेछ । |
| २ | नेपालको संविधानको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने, र धारा ३८ (५) बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने विधेयक तयार गरी संघीय संसदमा पेश गरिनेछ । |
| ३ | मानव बेचबिखन तथा ओसारपसार(नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५लाई समयानुकुल परिमार्जन गरिनेछ । |
| ४ | राष्टिय महिला आयोग ऐन, २०७४ अनुसार नियमावली तर्जुमा गरिनेछ । |
| ५ | बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गर्ने विधेयक संघीय संसदमा पेश गरिनेछ । |
| ६ | अपाङ्गता भएका व्यक्ति हरूको अधिकार सम्बन्धी ऐन, २०७४ बमोजिम नियमावली तर्जुमा गरिनेछ । |
| ७ | ज्येष्ठ नागरिक ऐन, २०६३ को समयाअनुकुल परिमार्जन गरिनेछ । समाज कल्याण ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने विधेयक तयार गरिनेछ । |
| ८ | महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु सम्वन्धमा भएका व्यवस्थाहरु प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्न सहजीकरण गर्ने गरी नमूना कानुनहरु निर्माण गरी तत् तत् निकायमा पठाईने व्यवस्था गरिनेछ । |
| ९ | बालबालिकालाई बुलिङ (Bullying) बाट हुने मानसिक र शारीरिक क्षतिबाट बचाउन बुलिङ विरुद्धको नीति (Anti Bullying Policy) र (Corporal Punishment) विरुद्धको नीति ल्याइनेछ । |
| १० | महिला तथा बालबालिका उपर हुने सबै प्रकारका हिंसा अन्त्य गर्न यस विरुद्ध कडा कानूनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई एकीकृत सेवा प्रदान गर्ने गरी एकीकृत पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याइनेछ । |
| ११ | अन्तर्राष्ट्रिय सन्धि सम्झौता ( महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW)/ बेइजिंग घोषणा तथा कार्ययोजना(BPFA)/बाल अधिकार सम्बन्धी महासन्धि (CRC)/ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि (CRPD) / दिगो बिकासका लक्ष्य कार्यान्वयन गर्ने गरी राष्ट्रिय कार्ययोजना निर्माण गरिनेछन् । |
| | **(ख) संस्थागत तथा संरचनागत सुधार** |
| १२ | केन्द्रमा बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकका गुनासो सुन्न एवं समस्या समाधान गर्नका लागि सहयोगी सेवा कक्ष (Help Desk) , समस्या समाधान कक्षको स्थापना गरी संचालनमा ल्याइनेछ । |
| १३ | प्रत्येक स्थानीय तहमा महिला हिंसा तथा दुर्व्यवहार, बालबालिका विरूद्धको हिंसा, सडक बालबालिका, अपाङ्गता |

| | |
|---|---|
| | भएका व्यक्तिहरूको गुनासो सुन्न र अधिकारको सुनिश्चितताका लागि निर्वाचित जनप्रतिनिधि, सुरक्षा निकाय, नागरिक समाज, शिक्षक, पत्रकार सम्मिलित तत्काल उद्धार समूह (Rapid Response Team) गठन गरी उद्धार तथा संरक्षणको काम गर्न प्रोत्साहित गरिनेछ । |
| | **(ग) कार्यक्रमगत सुधार** |
| १४ | सार्वजनिक निजी साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्रीहरुको उत्पादन र वितरणको व्यवस्था ७ वटै प्रदेशमा विस्तार गरिनेछ । |
| १५ | बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि संचारको पहूँच सहज बनाउन भिडियो रिले कल सेवा उपलब्ध गराइनेछ । साङ्केतिक भाषा दोभाषे तालिम केन्द्र र साङ्केतिक भाषा अनुसन्धान केन्द्र स्थापनाका लागि पहल गरिनेछ । साथै सवै स्थानीय तहमा नेपाली सांकेतिक भाषाको दोभासे सेवा उपलव्ध गराइने व्यवस्था मिलाइनेछ । |
| १६ | सार्वजनिक यातायातमा महिला हिंसालाई शून्य बनाउन तथा जेष्ठ नागरिक र अपाङ्गता मैत्री बनाउन साझा यातायात लगायतका सार्वजनिक यातायातका संस्थाहरूसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ । |
| १७ | प्रत्येक प्रदेशमा क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र स्थापनाको लागि प्रदेश सरकारसंग समन्वय गरी प्रक्रिया अगाडि बढाईने छ । |
| १८ | अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गर्न नेपालको संविधान /UNCRPD/ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७४ तथा पहुँचयुक्त भौतिक संरचना निर्माण तथा संचार सेवा निर्देशिका अनुरुप अपांगता मैत्री भौतिक संरचना निर्माण तथा संचार सेवालाई थप प्रभावकारी बनाइनेछ । सबै सरकारी तथा सार्वजनिक भवनहरुको अपांगता मैत्री परीक्षण गरिनेछ । |
| १९ | ७ वटै प्रदेशमा कम्तीमा १/१ ओटा सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रम स्थापना गरिनेछ । पशुपति बृद्धाश्रमलाई गोठाटारमा सुबिधा सम्पन्न ज्येष्ठ नागरिक आश्रम निर्माण गरी स्थानान्तरण गरिने छ । |
| २० | मौजुदा ऐन, कानुन बमोजिम ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुले प्राप्त गर्नुपर्ने सेवा सुबिधा सम्वन्धमा सरोकारवाला निकायसंग समन्वय गरी प्रभाबकारी कार्यान्वयनको व्यवस्था गरिनेछ । |
| २१ | महिला र बालबालिका उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम देशव्यापी रूपमा सञ्चालन गरिनेछ । |
| २२. | सडक बालबालिकाको व्यवस्थापन कार्यलाई ७ वटै प्रदेशमा विस्तार गरिनेछ । |
| २३. | बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइने छ । निशुल्क टेलिफोन नं. १०४ लाई सबै जिल्लामा बिस्तार गरिनेछ । |
| २४ | अनाथ, असहाय बालबालिकाको संरक्षण कार्यलाई थप प्रभावकारी बनाईने छ । बाल गृह, बाल सुधार गृहको अनुगमनलाइ प्रभावकारी बनाई आवासीय बाल गृहहरूको न्यूनतम् मापदण्डलाई कडाइपूर्वक कार्यान्वयन गरिनेछ । आपत् तथा जोखिममा परेका तथा दुर्व्यवहार, शोषणबाट पीडित बालबालिकाको तत्काल उद्धार एवम् मानवीय |

| | |
|---|---|
| | सहयोगलाई थप व्यवस्थित गरिनेछ । |
| २५. | सार्वजनिक स्थलमा हुने लैंगिक हिंसा न्यूनीकरणको लागि सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ । |
| २६. | प्रत्येक प्रदेशमा हिंसा, वेचबिखन र ओसारपसार, दुर्व्यवहारवाट पीडित व्यक्तिको संरक्षणका लागि एकीकृत पुनर्स्थापना केन्द्रको भवन निर्माण गरिने छ । पुनर्स्थापना केन्द्रमा आश्रित व्यक्तिहरूको सीप तथा क्षमता विकास गरी आयआर्जन तथा रोजगारीको सुनिश्चितता गर्दै पारिवारिक पुनर्स्थापनामा जोड दिईनेछ । |
| २७. | राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत् महिलाहरुको सामाजिक रुपान्तरण तथा आर्थिक सशक्तीकरणको कार्यक्रमलाई देशव्यापी बनाईने छ । |
| २८. | कार्यस्थलमा हुने यौनजन्य हिंसा रोकथाम गर्नका लागि लागु गरिएको आचार संहितालाई कडाईका साथ पालना गर्ने ब्यबस्था गरिनेछ । |
| २९. | समाजमा बिद्यमान अन्धविश्वास छाउपडी, कमलरी प्रथा लगायतका सामाजिक कुरीति अन्त्य गर्न सामाजिक जागरण सहित सचेतना र पैरबीका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| ३०. | स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकासको लागि प्रशिक्षण कार्यकम सञ्चालन गरिनेछ । |
| ३१. | औपचारिक तथा अनौपचारिक श्रम क्षेत्रमा समान कामका लागि समान ज्याला कार्यान्वियन गर्न समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३२. | यौनिक तथा लैंगिक अल्पसंख्यकहरूका लागि सामाजिक संरक्षण, सम्मान एवम् आर्थिक स्वावलम्बनका कार्यक्रमहरु सम्बन्धित गैह्र सरकारी संस्था हरूसँगको सहकार्यमा सञ्चालन गरिने छ । |
| ३३. | संघिय संरचना अनुसार समाज कल्याण परिषद्लाई समयसापेक्ष हुने गरी संरचनागत सुधार गरिनेछ । |
| ३४ | आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा पिछडिएका असहाय एकल महिलालाई एकल महिला कोषको परिचालन मार्फत जिविकोपार्जनका लागि व्यवस्था गरिनेछ । |
| ३५ | महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिसंग सम्बन्धित खण्डीकृत तथ्यांक संकलन प्रणालीको विकास गरिनेछ । |

| | **सरकारको नीति तथा कार्यक्रम आ. व. २०७५।७६** |
|---|---|
| १. | महिला सशक्तिकरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। |
| २. | महिला, बालबालिका ,ज्येष्ठ नागरिक, विपन्न, लोपोन्मुख र सीमान्तीकृत समुदायलाई सामाजिक संरक्षण गरिनेछ।<br><br>कानुन कार्यान्वयनको प्रभावकारिता बढाई बलात्कार, यौन शोषण, मानव ओसारपसार र बेचबिखन तथा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई निर्मूल गरिनेछ। |
| ३. | महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका अशिक्षा,अभाव,अन्धविश्वास र पछौटेपन हटाउन अभियान सञ्चालन गरिनेछ। |
| ४. | बालविवाह, दाइजो, तिलक, बोक्सी, छाउपडी, जातीय भेदभाव, उत्पीडन तथा छुवाछुत एंव सामाजिक कुरीति उन्मूलन गरिनेछ। |